# ३

# सुसमाचार प्रचारप्रसार र
## गवाही दिनको निम्ति आत्मिक वरदान

*यस अध्यायको निम्ति पढ्नुहोस्:* १ पत्रूस ४:१०, यूहन्ना १६:८,१३, १ कोरन्थी १२:२८-३१, प्रेरित २:४०-४७, प्रेरित १३:४,५।

*स्मरण गर्नुपर्ने पद:* "केहि बरदान वा प्रतिभाहरू प्रेरितहरूलाई दिने उहाँ नै हुनुहुन्छ। कुनै बरदान भविष्यवाणी बोल्न वा परमेश्वरको प्रवक्ता हुन भविष्यबक्तालाई उहाँले दिनुभयो। कसैलाई सुसमाचार प्रचार गर्ने बरदान उहाँले दिनुभयो। चर्चका पास्टर वा धर्मगुरू र शिक्षकहरूलाई पनि उहाँले केहि बरदान दिनुभयो। परमेश्वरका जनहरूलाई सेवक बनाउन तयार गरून् भनेर भविष्यवक्ता, प्रचारक, पास्टर र शिक्षकहरूलाई परमेश्वरले ती बरदानहरूले सुसज्जित पार्नुभएको थियो। आफूले पाएका बरदानहरूलाई यदि सबैले प्रयोग गरे ख्रीष्टको शरीरको निर्माण हुनेछ।" (एफिसी ४:११,१२ रूपान्तरित)।

मूल सोच: परमेश्वरको महिमा वा उहाँको भाऊ बढाउन र मानिसहरूलाई मुक्ति दिन प्रयोग गरून् भनेर चर्चको प्रत्येक सदस्यलाई कुनै न कुनै आत्मिक बरदानहरू दिनुभएको छ। ती बरदानहरू परमेश्वरकै व्यक्तिगत गुण वा स्वभावहरू हुन्।

चर्चले भविष्यवाणी बोल्ने बरदानलाई विषेश ध्यान देओस् भनेर हाम्रो ध्यानाकर्षण गरिएको छ। तर परमेश्वरको सेवाकार्यको निम्ति अरू आत्मिक बरदानहरूको पनि उल्लेखनीय भूमिका हुन्छ भनेर सधैं हामीले सिकाएका छैनौं। तर यस बारे चर्चलाई जानकारी दिनु आवश्यक छ। आत्मिक बरदानको बारेमा चर्चका सदस्यहरूले जानुन् भनेर बाइबलले स्पष्ट रूपमा देखाएका छन्। त्यसकारण चर्चका समुच्च वर्गले ती बरदानहरूलाई गम्भिर रूपमा लिनुपर्दछ र साथै ती बरदानहरू पाउन र प्रयोग गर्न विश्वासीहरूलाई ढुक्क बनाउनुपर्दछ।

परमेश्वरले दिनुभएको प्रतिभा वा शीप अर्थात् बरदानको फायदा चर्चका धेरै सदस्यहरूले प्रयोग गरेको हामी पाउँदैनौं। यो दु:खपूर्ण विषय हो। प्रतिभाले सुसज्जित चर्चका सदस्यहरूले असफलको अनुभव पाउनुमा धेरै कारणहरू छन्। कहिलेकाहिँ ती सदस्यहरूकै पनि दोष हुनसक्दछ। कहिलेकाहिँ चर्चका अगुवाहरूले नै चर्चका सदस्यहरूलाई

आफ्ना बरदान पत्ता लगाउन हौसला दिएको हुँदैन। पवित्र आत्माको अगुवाईमा प्रचारप्रसार र सेवाकार्य गर्न चर्चका सदस्यहरूमा भएका विभिन्न बरदानहरूको उपयोग गर्न ती अगुवाहरू हिचकिच्याइरहेका हुन्छन्। चर्चको सदस्यसँग परमेश्वरको कामको निम्ति बरदान त छ तर प्रयोग गरेनन् भने ती बरदान खेर जानेछ। यो अत्यन्त दुःखपूर्ण कुरो हो।

## १. आत्मिक बरदानले सुसज्जित भएका विश्वासीहरू (१ पत्रूस ४:१०)

यो कुराचाहिँ मान्नुपर्छ, त्यो केहो भने यदि तपाईंले चर्चका कुनै विश्वासीलाई बाइबल मुताविक तपाईंमा के आत्मिक बरदान छ भनेर सोध्दा आफूसँग केहि भएको जस्तो लाग्दैन भनेर जवाफ दिनसक्दछन्। आफूसँग भएपनि धेरै सोचेर जवाफ दिनुपर्ने हुन्छ। तर धेरै जसो ती विश्वासीहरूले आफूले थाहै नपाइकन परमेश्वरका केहि न केहि बरदान प्रयोग गरिरहेका हुनसक्छन्। तिनीहरूले त्यसको पहिचानमात्र गर्नुपर्दछ। कतिपयले आफ्नो प्रतिभा वा शीप के छ भनेर पत्ता लगाउन कोशिष पनि गर्दैनन्। तर परमेश्वरले बोलाउनुभएको काममा उनीहरूलाई खटाइयो भने त्यो काम अत्यन्त सफलतापूर्वक सम्पन्न गरिएको हामी पाउँछौं। अनि चर्चले पनि तिनीहरूको कामलाई समर्थन र तेवा दिँदछन्। प्रायजसो आत्मिक बरदान सम्वन्धी कार्यशाला गरियो भने कतिपय मानिसहरूले आफूले पाएका बरदानहरूलाई परमेश्वरको महिमाको निम्ति प्रयोग गरिरहेको हामी पाउँछौं। त्यसकारण पवित्र आत्माको नेतृत्वमा आफूले पाएका बरदानहरूलाई प्रयोग गर्न कतिपयलाई सम्भव भएको पाइन्छ। फेरि त्यसै वखत आफूसँग केहि बरदान छैन भनेर कतिपयले हात बाँधेर वस्दछन् र चर्चको कुनै पनि कार्यक्रममा भाग लिन चाहन्दैनन्। त्यो केवल तिनीहरूको सोचमात्र हो। प्रत्येक विश्वासीसँग केहि न केहि बरदान भएको हुनाले त्यस बरदानलाई पत्ता लगाउन र त्यसलाई प्रयोग गर्न उत्साह दिनु अत्यन्त जरूरी छ।

१ पत्रुस ४:१०मा पत्रुसले भन्दछः **"जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहका बिभिन्न वरदान पाएका भण्डारझैं ती एउटा अर्कोको निम्ति प्रयोग गर" (पद ११ पनि पढ्नुहोस्)। चर्चका**

**प्रत्येक विश्वासी जनहरूसँग कुनै न कुनै बरदान छ भनेर के उपरोक्त पदले दावी गर्दैनन् त?**

प्रत्येक विश्वासीले कुनै न कुनै रूपमा सेवा गर्दछन् भनेर हामीले हेरेका थियौं। त्यसकारण सेवाभावनाले अभिप्रेरित हुन र त्यसलाई उपयोग गर्न परमेश्वरले शक्तिसामर्थ वा बुद्धि पनि दिनुहुन्छ भन्ने कुरामा हामी अचम्म मान्नु हुन्न। सुसमाचारमा विश्वास गर्ने प्रत्येक व्यक्तिले अरूको मुक्तिको काममा समावेश हुनुपर्दछ। तर सुसमाचार प्रचार गर्ने महान् आदेश पालन गर्न पवित्र आत्माको सहायता चाहिन्छ। चर्च वा विश्वासीहरूको प्रचार गर्ने कामको शिलसीलामा कुन ठाउँमा के चाहिन्छ र कहिले हुन्छ भन्ने ज्ञान परमेश्वरमा छ।

१ कोरन्थी १२:११ पढ्नुहोस्। विश्वासीहरूलाई आत्मिक वरदानहरू दिने काम पवित्र आत्माको काम हो भनेर उपरोक्त पदले देखाउँदछ। परमेश्वरका सन्तहरूलाई प्रत्येक असल काम गर्न उहाँले नै तयार गर्नुहुन्छ (एफिसी २:१० पढ्नुहोस्)। विश्वासीहरूको क्षमता अनुसार पवित्र आत्माले आत्मिक वरदानहरू बाँड्नुहुन्छ। हामीले पाएका बरदानहरूलाई प्रयोग गर्न पवित्र आत्माले खूबी पनि दिनुहुन्छ भनेर प्रेरित १:८ले खुलासा गरेको छ।

बाइबलमा उल्लेखित आत्मिक वरदानहरू कुनै पनि एकै सरहका छैनन्। न त सबै वरदानहरूलाई बाइबलको सूचीमा समावेश गरिएको छ। यसको अर्थ, ती सूचीमा परमेश्वरको महिमा र अरूको हितको निम्ति अरू वरदान, प्रतिभा, शीप वा क्षमताहरू पनि समावेश गर्न सकिन्छ।

**वरदान, उपहार, क्षमता, शीप, प्रतिभा आदि शव्दहरूको बारेमा सोच्नुहोस्। ती शव्दहरूको अर्थ के हुन्? परमेश्वरको कामको निम्ति प्रयोग गर्न तपाईंमा भएको वरदानको बारेमा तपाईं के भन्नुहुन्छ? तपाईंलाई परमेश्वरले दिनुभएको क्षमता, प्रतिभा वा वरदानलाई उहाँको कामको निम्ति प्रयोग गर्न के तपाईंले नैतिक जिम्मावारी ठान्नुभएको छ?**

## २. पवित्र आत्मा र उहाँका वरदानहरू (प्रेरित १३:१-३)

स्थानिय चर्चमा आफ्नो स्थान छ कि छैन वा भूमिका छ कि छैन भनेर विश्वासीमा भएको आत्मिक वरदानले देखाउँदछ भन्दा हिचकिचाउनु पर्दैन जस्तो हामीलाई लाग्छ। चर्चको समूहभित्र काम गर्न

दिइएको ती वरदानहरूलाई पत्ता लगाउनुको अर्थ तपाईँको जीवनमा परमेश्वरको चाहना के हो भनेर देखाउँदछ। अर्थात् चर्चको क्रियाकलापमा प्रत्येक व्यक्ति संलघ्न होस् भनेर नै परमेश्वरले विश्वासीलाई कुनै न कुनै वरदानले सुसज्जित पार्नुभएकोछ। तपाईँलाई चासो नभएको क्षेत्रमा काम गर्न कसैले तपाईँले भनेको छ? कतिपय चर्चको काममा खट्न पद सम्हालेका मानिसहरूले केहि वर्षपछि ती पद छोडेको राजिनामा दिएको के तपाईँलाई थाहा छ? तिनीहरूले किन छोडे भन्दा आफूले सम्हालेका पदमा रहन सक्षम् नभएको तिनीहरूले थाहा पाउँछन्। आफूले गलत पद ओगटेको भनेर तिनीहरूले आभास पाउँछन्। चर्चले परमेश्वरको कामको निम्ति मानिसहरूलाई आह्वान गर्दछन् कतिपयले स्विकार पनि गर्दछन्। चर्चको विविध काममा समावेश पनि हुन्छन्। तर कतिपय समयमा खटाएको काम गर्न आफूसँग शीप वा खूबी नभएको तिनीहरूले महशूस गर्दछन्। यो यथार्थता हो। तर यो हुनैपर्छ भन्ने छैन।

**प्रेरित १३:१-३ पढ्नुहोस्। यहाँ के भइरहेको छ? परमेश्वरको सेवाकार्यको निम्ति गरिएको आह्वान किन महत्त्वपूर्ण छ भनेर ती पदहरूले कसरी बताउँदछन्?**

परमेश्वरको सेवाकार्यको निम्ति आह्वान गर्ने पवित्र आत्मा नै हुनुहुन्छ भन्ने कुरालाई आत्मसात् गर्नु अत्यन्त महत्त्वपूर्ण छ। पवित्र आत्माले नै सावल र बर्नाबासलाई बोलाउनुभएको थियो। परमेश्वरको काम गर्न त्यहि खूबी वा आत्मा दुवै जनालाई पवित्र आत्माले नै सुसज्जीत पार्नुभएको थियो। प्रेरित १३ अध्यायको पद २मा केहि महत्त्वपूर्ण सन्देशहरू हामीलाई दिएका छन्। परमेश्वरको बिशेष कामको लागि बोलाहत हुनुभन्दा अघि सावल र बर्नाबासले उहाँको सेवाकार्य पहिले नै थालनी गरेका थिए। ती सेवन कार्य विशेष थियो भनेर हामीलाई थाहा छ किनभने सिमोन र मनेनलाई उक्त कामको निम्ति त्यसबेला बोलाइएको थिएन।

हाम्रो सहयोगको निम्ति पवित्र आत्मा पठाउँछु भनेर संसार छोड्नुभन्दा अघि येशूले बाचा गर्नुभएको थियो। पवित्र आत्माको विभिन्न बरदानहरूमा सुसमाचार प्रचार गर्न सक्षम् बनाउनु पनि एक हो। बिभिन्न तरिकाले प्रचारप्रसार गर्ने खुबी पवित्र आत्माले नै दिनुहुन्छ।

त्यसकारण पवित्र आत्माका बरदानहरू अति महत्त्वपूर्ण छन्, र तिनीहरूलाई हामीहरूले प्रयोग गर्नु अति आवश्यक छन्।

**हामीहरूको बीचमा पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भन्ने कुरा सिक्न देहायका पदहरू पढ्नुहोस्ः यूहन्ना १६ः८,१३, प्रेरित १३ः४, रोमी ८ः११ र प्रेरित १ः८।**

यदि पवित्र आत्माले आत्मिक बरदानहरू किन दिनुहुन्छ भन्ने कुरालाई हामीहरूले बुझ्न सक्यौं भने मुक्ति पाइ येशूकहाँ आउनेहरूको निम्ति ती कत्तिको महत्त्वपूर्ण छ भनेर हामी सिक्न सक्दछौं। पवित्र आत्माको काम नै विश्वासीहरूलाई बोलाउनु र तिनीहरूलाई बरदान तथा खुबीहरूले सुसज्जित पार्नु भएकोले नै सुसमाचारको प्रचार गर्ने महान् कार्यमा प्रत्येक बिश्वासीहरू संलग्न हुन गइन्छ।

कुनै बरदानहरू महत्त्वपूर्ण छन् वा ती बिशेष छन् भनेर कहिलेकाहिँ हामी निर्णय गर्दछौं। तर यथार्थमा भन्ने हो भने चर्चको जीवन र लक्ष्य पूरा गर्न सबै बरदानहरू महत्त्वपूर्ण छन्। बिभिन्न शिक्षादिक्षाद्वारा हामीहरूले प्रचारक, गस्पल वर्कर्स वा बिभिन्न गाउँ वा शहरहरूमा गएर सुसमाचार प्रचार गरि विश्वासीहरूको झुण्ड बनाउने व्यक्तिहरू वा शिक्षकहरू कहिलेकाहिँ निर्माण गर्दछौं होला वा तालिम दिएर मानिसहरूले उपरोक्त कामको निम्ति सक्षम् बनाऔंला। तर चर्चको उत्थानको निम्ति र विश्वासीहरूलाई हौशला दिनको निम्ति स्वभावैले बिभिन्न खुबी वा बरदानहरू भएका विश्वासीहरूको सहयोग पनि अत्यन्त आवश्यक भएको हामी सबैले ठान्नु पर्दछ।

## ३. हामीमा खूबी वा पवित्र आत्माको बरदान छ भनी पत्ता लगाउनु (१ कोरन्थी १२ः२८-३१)

हामीसँग के खुबी छ सो पत्ता लगाउन त्यति कठिन छैन। चर्चको पास्टर र अरू मूल अगुवाहरूमा के बरदानहरू छन् भनेर तपाईंले सजिलैसँग पत्ता लगाउनुहुन्छ। उनीहरूको क्रियाकलाप, अरू मानिसहरूसँगको प्रतिक्रिया, रहनसहन उनीहरूको वचनप्रचारबाट मानिसहरू प्रभुमा आएका कुराहरू हेर्नुभयो भने तिनीहरूमा पवित्र आत्माको बरदान छ कि छैन सो पत्ता लगाउन सकिन्छ। तर आफैमाचाहिँ पवित्र आत्माको के बरदान छ भनेर पत्ता लगाउन सधैं सजिलो छैन।

तर कहिलेकाहिँ कुनै व्यक्तिमा पवित्र आत्माको बरदान के छ भनेर पत्ता लगाउने उपाय भयो भने उसमा भएका बरदानहरू थाहा पाउन सजिलो हुन्छ। बिभिन्न खुबीहरूको सूचीलाई तयार पारेर त्यसमा आफूले के गर्न सकिन्छ भनेर सोचियो भने आफ्नो खुबी थाहा पाउनस सजिलो हुन्छ। चर्चका धेरै सदस्यहरूले यस उपायद्वारा आफूमा भएका पवित्र आत्माले दिनुभएका बरदानहरू पत्ता लगाउन सजिलो भएको पाइएको छ। तर आफ्नो खुबी वा पवित्र आत्माले दिनुभएको बरदानहरूलाई स्थानिय चर्चमा परिचालन गर्न स्थानिय चर्चका अगुवाहरूले हौसला नदिएकोमा कतिपय चर्चका सदस्यहरू निराश भएर बसेको पाइन्छ।

आफूसँग के गुण छ भनेर थाहा पाउन आत्मिक-बरदानहरूको सेमिनार वा गोष्ठीमा भाग लिनु असल हुन्छ। यसबाट आफूमा भएका खुबीहरूलाई पत्ता लगाउन सकिन्छ। तर ती सेमिनार वा गोष्ठी केवल आफूमा भएका गुण पत्ता लगाउने सुरूवातमात्र हो भनेर मनमा राख्नुपर्दछ। प्रायजसो तयार पारेका गोष्ठीहरूले उपरोक्त कुराको जानकारी दिइएको हुन्छ।

**आत्मिक बरदानको बारेमा पावलले हामीलाई के भनिरहनुभएको छ? हेर्नुहोस्ः १ कोरन्थी १२ः२८-३१।**

सबभन्दा असल बरदानहरू उपरोक्त पदहरूमा छन्, त्यसकारण ती मध्ये एउटा दुइवटा छाने भइहाल्छ भनेर प्रायजसो मानिसहरूले ठान्दछन्। तर त्यसो होइन। चर्चको आवश्यता अनुसार जहाँ पनि जुनसुकै बेलामा पनि पवित्र आत्माको बरदान बाँडिएकाछन् भनेर पावलले भन्न खोज्नुभएको हो। त्यसकारण सबभन्दा असल बरदानहरू के हो भनेर थाहा पाउन चाहन्छौं भने स्थानिय चर्चमा के समस्याहरू छन् त्यो पत्ता लगाउनुपर्दछ। ती समस्याहरूलाई चर्चले कसरी समाधान गरियो र चर्चलाई एकत्रित राख्न कसरी सफल भयो त्यो थाहा पाइयो भने त्यहि नै आत्मिक बरदान हुनसक्छ।

जब आफूमा भएका बरदानहरूको बारेमा तपाईंले गम्भिर रूपमा सोच्नुहुन्छ त्यसबेला चर्चका अरू सदस्यहरूले तपाईंको बारेमा के भनिरहेकोछ त्यसलाई पनि वेवास्ता नगर्नुहोस्। उदाहरणमा, वर्षभरी चर्च संचालन गर्न मानिसहरूलाई खताउन समिती खडा गरेको हुन्छ। ती समितीले यस्ता मानिसहरूलाई चुन्दछन् जसले चर्चको क्रियाकलापमा

पहिले नै चासो दिएका हुन्छन् र तिनीहरूको खुबीको बारेमा थाहा पाएका हुन्छन्। तर ती समितीले चर्चको सेवाकार्यको निम्ति चुनेका सबै मानिसहरूमा भएका खुबीहरू पूरा थाहा हुन्छ भन्ने छैन। तर ती समितीले यस्ता मानिसहरूको खोजी गरेका हुन्छन् जसमा चर्चको बिभिन्न सेवाकार्यलाई सफल बनाउन बरदान वा खुबी भएको हुन्छ।

मानौं चर्चको कुनै सेवाकार्यमा तपाईंको राम्रो दखल हुन सक्छ भनेर तपाईंलाई चुन्यो रे वा तपाईं त्यस काम गर्न सक्षम् हुनुहुन्छ भनेर विश्वास गरियो रे। यसको अर्थ तपाईंमा भएको खुबीलाई मान्यता दिइएको थाहा पाउनुपर्दछ। त्यसकारण चर्चले नियुक्ति गरेको पदलाई सम्हाल्न समर्थन जनाउन र आफूलाई दिएको अभिभारा सम्हाल्न प्रार्थना गर्नु बुद्धिमानी हुन्छ।

यदि तपाईंले आत्मिक बरदान गोष्ठीमा भाग लिएर लाभ उठाउनुभयो भने, चर्चका बिश्वासी मित्रहरूको समर्थन पाउनुभयो भने र आफूलाई दिएको सेवाकार्यको जिम्माको परिक्षण कालमा सफल हासिल गर्नुभयो भने तपाईंलाई परमेश्वरले दिनुभएको बरदान उपयोग गर्न उहाँले बोलाउनुभएको हो भनेर ती कुराहरू स्पष्ट चिन्हको रूपमा स्विकार गर्नुपर्छ।

**तपाईंमा के आत्मिक बरदानहरू छन् वा खुबीहरू छन्, र तपाईंलाई ती किन दिइएको छ?**

## ४. अरू बरदानहरू (प्रेरित ६:१-४)

आत्मिक बरदान भन्दा गवाही दिने, प्रवचन दिने, सिकाउने र प्रचारप्रसार गर्ने बरदान मात्र हो भनेर प्रायजसो हामी सोच्दछौं। तर याद गर्नुहोस्, सबै बरदानहरू प्रचारप्रसार गर्ने मात्र हुँदैन। तर आफूमा भएका कुनै पनि बरदान चर्चमा प्रयोग गरिए त्यसले चर्चको प्रचारप्रसार कार्यक्रममा भिन्नै किसिमले प्रभाव पार्न सक्दछ।

**प्रेरित ६:१-४ फेरि पढ्नुहोस्। डिकन वा चर्च संचारलनमा सहयोग गर्ने व्यक्तिहरूलाई जुन काम त्यसताका दिइएका थिए, त्यहि काम तिनीहरूलाई अहिले पनि दिइन्छ। तर ती काम प्रेरित अर्थात् येशूका चेलाहरूले किन गर्न नचाहेको? त्यहाँ के कारणहरू खुलाएका छन्? यहाँ देखाइएका मूल सिद्धान्त वा नियमलाई हामीले कसरी बुझ्ने?**

नयाँ नियुक्त गरेका डिकनहरूको सहयोगले गर्दा येशूका चेलाहरूलाई प्रचारप्रसार गर्न पूरा समय दिन सकेको थियो। ती चेलाहरूलाई चर्चको काममा चिन्ता लिनुपरेको थिएन किनभने ती डिकनहरूले तिनीहरूलाई चर्चको चिन्ताबाट स्वतन्त्र पारेको थियो। डिकनहरूले अगाडि नै बसेर प्रचारप्रसार गर्न नपाउँदा तिनीहरूको काम त्यत्तिको महत्त्वपूर्ण छैन भनेर कतिले सोच्दछन् पनि होला। तर प्रचारप्रसारको काममा तिनीहरूको भूमिका कम हुँदैन भनेर हामीले मान्नुपर्दछ। सुरूका डिकनहरूले बिधुवाहरूको सहायतामा ध्यान पुर्‍याएकोले नै सुसमाचार सुन्न अरूहरूले बढि रूचीदेखाएका थिए। तिनीहरूको काम कत्तिको असल थियो भनेर परमेश्वरलाई मात्र थाहा छ।

चर्चलाई संस्थागतरूपमा परिचालन गर्न बिभिन्न अगुवाहरूको आवश्यक हुन्छ। चर्चको आर्थिक मामिला हेर्न आर्थिक सम्वन्धी खुबी भएको मानिस चाहिन्छ। चर्चको बिभिन्न क्षेत्रहरूमा कार्यरत हुने व्यक्तिहरूले एकजुत भएर काम गर्नुपर्दछ। हामी सबै जना एकै टिम वा टोलीका भागहरू हौं र परमेश्वरको महिमाको निम्ति अग्रसर भएका हौं भन्ने मनिस्थिति चर्चका सबै कर्मचारी वा गैर-कर्मचारीहरूले बुझ्नुपर्दछ। चर्चको प्रचारप्रसार गर्ने कार्यक्रम सफल पार्न सबैको योगदानको आवश्यक र महत्त्वपूर्ण हुन्छ भनेर सबैले आत्मसात् गर्नुपर्दछ।

प्रेरित २:४०-४७ पढ्नुहोस्। यहाँ के के आत्मिक बरदानहरू देखाइएकाछन्? गवाही दिनमात्र होइन येशूको अनुयायी हुन ती बरदानहरूले कसरी सघायो? यसबाट हामीले पनि के महत्त्वपूर्ण पाठ सिक्नसक्दछौं?

प्रेरित २:४७मा “परमेश्वरले तिनीहरूको संख्या थपिदिनुभयो" भनेर उल्लेख गरिएको छ। विश्वासीहरूको झुण्ड बढेको वा झुण्डमा अरू विश्वासीहरू समावेश भएको भन्ने यसको अर्थ हो। नयाँ विश्वासीहरू थपेका त थिए नै, तर तिनीहरूलाई सङ्गती दिइएको थियो र तिनीहरूको रेखदेख पनि गरेको थियो। त्यसकारण आत्मिक बरदानहरूमा हामीले धेरै कुराहरू समावेश गर्न सक्दछौं, जस्तैः चर्चको व्यवस्था गर्ने, नेतृत्व गर्ने, अतिथी सत्कार गर्ने, प्रवचन दिने, विभिन्न आवश्यकहरूलाई जानेर त्यसको सेवा गर्ने आदि। चर्चका विश्वासीहरूमा कुनै न कुनै गुणहरू

हुन्छन्। सुरूका विश्वासीहरूले व्यक्तिगत रूपमा पाएका आत्मिक बरदानहरूलाई चर्चको सम्पूर्ण प्रचारप्रसार गर्ने कार्यक्रम र अरू सेवाकार्यहरूमा प्रयोग गरेका थिए। तिनीहरूको सहयोगलाई अनुकरणीय उदाहरण मान्नुपर्दछ।

**चर्चमा तपाईंको भूमिका के छ? चर्चमा गर्नुपर्ने सेवाकार्यको बारेमा सोच्नुहोस्। चर्च एक टोली वा समूह हो। चर्चको लक्ष्य पूरा गर्न तपाईं कसरी सरिक हुनसक्नुहुन्छ?**

## ५. परमेश्वरले दिनुभएका बरदानहरू र येशूभक्तको उत्तरदायित्व वा अभिभारा (रोमी १२:४)

हाम्रो उत्सुकतालाई संतुष्ट पार्नमात्र हामीमा भएका आत्मिक बरदानहरू पत्ता लगाउने होइन। बरू हामीमा परमेश्वरले दिएको खुबी वा बरदान के छ त्यो पत्ता लगाएर हामीमा उहाँको इच्छा के छ त्यो थाहा पाउनु हो र साथै चर्च टोलीसँग मिलेर काम गर्ने योग्यतालाई पहिचान गर्नु हो। परमेश्वरले दिनुभएको काम गर्ने सिलसिलामा हामीमा भएका बरदानको ठूलो उत्तरदायित्व हुन्छ। आफूमा भएको खुबीको ज्ञानलाई खियाउनुहुन्न बरू त्यस खुबीलाई उहाँको काममा लगाउनु प्रत्येक येशूभक्तको अभिभारा हो।

**रोमी १२:४, १ कोरन्थी १२:१२ र एफिसी ४:१६ केलाएर पढ्नुहोस्। शरीररूपी चर्च र आत्मिक बरदानहरूको बारेमा त्यहाँ उल्लेख गरेका पदहरूले के भन्दछन्?**

शरीररूपी चर्चलाई सम्हाल्न परमेश्वरले बिभिन्न आत्मिक बरदानहरू दिनुभएको हो। त्यो कुरा माथिका पदहरूले स्पष्ट रूपमा कसरी खुलाएका छन् भन्ने कुरा थाहा पाउनु अत्यन्त जरुरी छ। एकै जनाले नै व्यक्तिगत रूपमा गवाही दिनु वा प्रचार गर्ने काममा संलग्न हुनसक्दछ, जसरी इथियोपिया देशका अर्थमन्त्रीलाई फिलीपले सुसमाचार सुनाएका थिए (प्रेरित ८)। तर हामी प्रत्येकमा भएका बरदानहरूलाई चर्चद्वारा प्रयोग गर्नु पर्दछ। यो उत्तरदायित्वलाई हामीले न्युनीकरण वा वेवास्ता गर्नुहुन्न।

चर्चले जे गर्छ त्यो पवित्र आत्माको अगुवाई र अधिकारद्वारा गर्नुपर्दछ। हाम्रो जीवनमा परमेश्वरको इच्छा के छ त्यो जान्नु प्रत्येक येशूभक्तको कर्तव्य हो। पवित्र आत्मासँग मिलेर हामी काम गर्नुपर्दछ।

उहाँले हामीलाई के देखाउनुहुन्छ त्यो अनुसार हामी चल्नुपर्दछ। स्वइच्छाले योजना बनाएर त्यस योजनालाई परमेश्वरले अनुमोदन वा हुन्छ भनेर सहमती जनाओस् भन्ने धरापबाट हामी उम्किन खोज्नु पर्दछ (हामीले नक्सा बनाएर उहाँलाई हाम्रो नक्सामा समावेश गर्न खोज्नु हाम्रो कमजोरिता हो)। प्रायजसो हामी यो पनि व्यक्त गर्दछौं, "हाम्रो चर्चले परमेश्वरको निम्ति के काम गर्न सक्दछ?" उहाँका जनहरूद्वारा परमेश्वरले के काम गरिरहनुभएको छ सो पत्ता लगाउनु र त्यस काममा हृदय खोलेर सरिक हुनु नै हाम्रो आत्मिक जीवनको निम्ति हित हुनसक्दछ।

**पवित्र आत्माद्वारा चेलाहरूलाई अगुवाई गरिरहेका थिए भनेर देहायका पदहरूले कसरी देखाउँदछन्? हेर्नुहोस्: मत्ती १०:१९,२०, प्रेरित १३:४,५, प्रेरित १६:६,७।**

आफूले गर्ने सेवाकार्यको अगुवाई गर्न चेलाहरूले सर्वज्ञानी पवित्र आत्माको हातमा आफूहरूलाई सुम्पेका थिए। कहिलेकाहिँ उनीहरूले आफूले चाहेको ठाउँमा प्रवेश गरेर परमेश्वरको काम गर्न खोजेका थिए, तर पवित्र आत्माले त्यहाँ नजान रोक्नुभएको थियो। चेलाहरू कहाँ काम गर्नुपर्छ भनेर दर्शनद्वारा पवित्र आत्माले पावललाई विशेष निर्देशन दिनुभएको हुनसक्छ (प्रेरित १६:९,१०)।

आत्मिक बरदानहरू कर्तव्य वा गम्भिरकासाथ प्रयोग गर्नुपर्दछ। आफूले गर्ने कामलाई पवित्र आत्माकै अगुवाई अनुसार हो भनेर निश्चित भइरहन बरदान पाउनेले उहाँसँगको सम्पर्क खुलारूपमा जारी राख्नुपर्दछ। चर्चको एकतामा प्रतिवद्ध हुनु हामी प्रत्येकको धर्म हो। यदि हामी पवित्र आत्माको अगुवाईमा हिँड्छौं भने चर्चको एकताको चाहना गर्दछौं। पवित्र आत्माले नै व्यक्तिगत र चर्चलाई अगुवाई गर्नुहुन्छ। एक जना विश्वासीलाई दिएको निर्देशन सबैको निम्ति हुनसक्दछ। कुनै पनि विश्वासीलाई पवित्र आत्माले शरीररूपी चर्चबाट अलग्याउन खोज्दैन।

जब हामी ख्रीष्टको सेवामा अर्पित हुन्छौं तब पवित्र आत्मा हामीमा खनिन्छ र उहाँको निम्ति महान् कामहरू गर्न अपेक्षा गर्नसक्दछौं। त्यसकारण व्यक्तिगत होस् वा चर्च होस्, पवित्र आत्माले दिनुभएको बरदान पाउन, त्यसलाई प्रयोग गर्न र उहाँको अगुवाईमा हिँड्न जहिले पनि हामी तयार भइरहनुपर्दछ।

## उपसंहारः

**थप जानकारीः पवित्र आत्माको बरदान सम्बन्धी स्थानिय स्तरमा तालिम उपलव्ध छ भने त्यसको फायदा उठाउनुहोस्।**

प्रभुको बारेमा प्रचारप्रसार गर्न र गवाही दिन यदि तपाईंले निर्णय गर्नुभएको छ भने तपाईंको पास्टर र प्रचारप्रसार गर्ने निकायका अगुवाहरूसँग छलफल गर्नुहोस्। त्यसकाममा तपाईं तयार हुनुभएको छ कि छैन सो पनि बिचार गर्नुपर्दछ। सकेसम्म प्रभावकारी रूपमा येशूको बारेमा अरूलाई भन्न चाहनु तपाईंको इच्छा हुनुपर्दछ। त्यसकारण त्यस कामको निम्ति तालिम लिनु महत्त्वपूर्ण छ। एक्लैले भन्दा चर्च टोलीसँग मिलेर काम गरियो भने सबैको समर्थन र प्रोत्साहन पाइन्छ। तपाईंको काममा पनि सफलता हुन्छ। (सफलता भनेको तपाईंको प्रचार र गवाहीमा विश्वास गर्नेहरूलाई चर्चभित्र ल्याउनु हो। नयाँ बिश्वासीहरूलाई चर्चको सहायताले सम्हाल्नु हो)। यस अध्यायमा हामीले केहि महत्त्वपूर्ण पक्षहरूलाई ध्यान दिएका थियौं। केहि यहाँ प्रस्तुत गरिएको छः

अ. कुन तालिम र कुन तरिकाबाट परमेश्वरको बारेमा प्रचारप्रसार गर्न सकिन्छ भनेर तपाईंको चर्चको पास्टर र प्रचार गर्ने अगुवासँग छलफल गर्नुहोस्। स्थानिय चर्चमै सबै तालिम पाइन्छन् भन्ने छैन। तर त्यसबारे जति र जहाँ तालिम वा सेमिनार अर्थात् गोष्ठी हुन्छ त्यहाँ भाग लिन अवसरलाई नचुक्नुहोला।

आ. तपाईंको चर्चका चर्च पास्टर वा अरू तालिम दिन सक्नेहरूलाई गवाही र प्रचार गर्ने तालिम संचालन गर्न अनुरोध गर्नुहोस्। अन्त हलहरूमा तालिम लिन वा दिन महँगो हुनसक्दछ। तपाईंकै चर्चमा तालिम दिन सकिन्छ। त्यसमा परमेश्वरको बारेमा प्रचारप्रसार गर्न चासो राख्नेहरूलाई पनि निम्त्याउनुहोस्।

इ. प्रचारप्रसार गर्न उपलव्धी भएका सामग्रीहरूसँग परिचित हुनुहोस्। के सामग्री छ र त्यसलाई कसरी चलाउने भनेर सिक्नुहोस्। यदि ती सामग्रीहरूको बारेमा तपाईंले थाहा पाउनुभयो भने तपाईंले गर्ने प्रचारप्रसारको कार्यक्रममा ठूलो सहयोग हुन्छ र तपाईंलाई त्यस कामको निम्ति पनि तयार गराउँदछ।

ई. तपाईंसँग जे छ त्यो अरूलाई बाँडे प्रभावकारी हुनसक्दछ। त्यसकारण बाहिर गएर प्रचारप्रसार गर्नुभन्दा अघि तपाईंको आफ्नै

आत्मिक जीवन पनि राम्रो हुनुपर्दछ। अरूलाई प्रचार गर्दा तपाईंको आत्मिक जीवनको बिकास पनि हुन्छ। जब तपाईंले परमेश्वरको सेवा गर्नु हुन्छ तब तपाईंको व्यक्तिगत आत्मिक आवश्यकताको पनि महशूस हुँदै जान्दछ। जब तपाईंले प्रार्थना गरेर पवित्र आत्माको बल पाउनुहुन्छ तब अझ बढि काम गर्न परमेश्वरले तपाईंलाई तयार पार्न सक्नुहुन्छ। पवित्र आत्माले तपाईंलाई अगुवाई गरून् भनेर प्रार्थना गर्नुहोस्। तपाईंको जीवन पवित्र आत्माले संचालन् गरून भनेर हृदयदेखि कामना गर्नुहोस्।

**चिन्तनमननः**

क. "बिभिन्न बरदानहरूद्वारा परमेश्वरले चर्चलाई सुसज्जित पार्नुभएको छ। ती बरदानहरूलाई ठिक ठिक ठाउँहरूमा प्रयोग गरियो भने ती बरदानहरू फलदायक हुनसक्दछ। ती सबै बरदानहरूले ख्रीष्टको छिटो आगमनको लागि मानिसहरू तयार हुन सहयोग पुऱ्याउँछ।"-एलेन जी ह्वाइट, *गस्पल वर्कर्स्,* पृ. ४८१बाट रूपान्तरित। तपाईंको स्थानिय चर्चमा कुन् कुन् आत्मिक बरदानहरूको आवश्यक छ, त्यसको बारेमा सोच्नुहोस्। ती बरदानहरूलाई उल्लेखनीय बनाउन तपाईंले के गर्न सक्नुहुन्छ?

ख. "सबै मानिसहरूले एक खालको बरदान पाउनुपर्छ भन्ने छैन। तर येशूको प्रत्येक सेवक वा भक्तलाई कुनै न कुनै बरदान वा खुबी दिन परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ।"-एलेन जी ह्वाइट, *क्राइष्टस् अवजेक्ट लेसनस्,* पृ. ३२७बाट रूपान्तरित। चर्चका सबै सदस्यहरूमा भएका आत्मिक बरदानहरू पत्ता लगाउन र तिनीहरूको बिकास र प्रयोग गर्न तपाईंले कसरी हौसला दिन सक्नुहुन्छ? प्रत्येक बिश्वासीमा भएका आत्मिक बरदानलाई जनसमक्ष ल्याउनु किन जरूरी छ?